# प्रार्थना र आराधना



Prayer & Worship
Nepali
CS 1211

# प्रार्थना र आराधना

*(Prayer and Worship)*

लेखकः मोरिस विलियमस

अनुवादकः बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

© २००३ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रतिः २०००

ICI University
First Edition (Nepali) 2003
Prayer and Worship

Published by
ICI University
PO Box 4245
Kathmandu, Nepal

# विषय-सूची

पृष्ठ


पाठ्यपुस्तकको परिचय ........ ५

**एकाइ एकः** *प्रार्थना र आराधनाः जीवनको रहनसहन*

पाठ

१. कसलाई प्रार्थना गर्ने ........ १४

२. पारिवारिक सम्बन्ध ........ ३६

३. राज्य नागरिकता ........ ५६

**एकाइ दुइः** *आराधनाको प्राथमिकता*

४. आराधना गरिनुपर्ने राजा ........ ७४

५. खोजिनुपर्ने राज्य ........ ९४

६. पछ्याउनुपर्ने योजना ........ ११४

**एकाइ तीनः** *प्रार्थनाद्वारा पूरा गरिएका आवश्यकताहरू*

७. समर्थन आवश्यकताहरूको आपूर्ति ........ १४४

८. सामाजिक आवश्यकताहरूको तृप्ति ........ १६४

९. शुद्धताका आवश्यकताहरूको परिपूर्ति ........ १८०

१०. सुरक्षात्मक आवश्यकताहरूको जुटावट ........ १९८

शब्दकोश ........ २१२

स्वयम्-जाँचका उत्तरहरू ........ २२०

विद्यार्थी एकाइ प्रतिवेदनहरू ........ २२६

उत्तरपृष्ठहरू ........ २४०

# आई सी आई, ख्रीष्टियान सेवा कार्यक्रम

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमका १८-वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बायाँपट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढ्नुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६-६-वटा पुस्तक गरी तीन खण्डमा विभाजित गरिएको छ। *प्रार्थना र आराधना* भनिने यो पुस्तक भाग २ को पहिलो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फाइदा उठाउन सक्नुहुनेछ।

ख्रीष्टियान सेवा क्रार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचो पर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पुस्तक प्रमाण-पत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ।

**ध्यान दिनुहोस्**

कृपया पाठ्यपुस्तकको परिचयलाई बड़ो होशियारसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्त्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी-पत्रहरू आई सी आई-को ठेगानामा पठाउनुहोस्।

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

# पाठ्यपुस्तक परिचय

आराधना भनेको परमेश्वरलाई गरिएको प्रशंसा हो। आराधना भनेको परमेश्वरलाई गरिएको सेवा हो। हामी तपाईंलाई प्रार्थना र आराधनाको नयाँ जीवनमा परिचित गराउन चाहन्छौं। त्यसकारण हामी तपाईंलाई नयाँ किसिमको जीविकामा परिचित गराउन चाहन्छौं। प्रार्थना गर्ने र आराधना गर्नेबाहेक अरू सबै थोकका बारेमा हामीले कुराकानी गरिरहेका छौंजस्तो शुरूमा देखिनसक्छ। परमेश्वरको अस्तित्व; स्वर्गको वास्तविकता; परमेश्वरको महिमा, राज्य र इच्छा; जीविका चलाउनु, छिमेकीहरूसँग मिलेर बस्नु; परीक्षामा विजयी हुनु; र रोग बिमार र समस्यामा के गर्नुजस्ता विषयहरूका बारेमा अध्ययन गरेर तपाईंले कसरी प्रार्थना गर्न सिक्नुहुन्छ र भनी तपाईं अचम्ममा पर्नुभएको होला। हामी हाम्रो विषयबाट टाढ़िएका छौंजस्तो लाग्न सक्छ।

यद्यपि, "कसरी" प्रार्थना गर्नुपर्छ भनी येशूका चेलाहरूले उहाँलाई सोध्दा, उहाँले सिकाउनुभएको प्रार्थनालाई नजीकबाट हेर्दा तपाईंले देख्नुहुन्छ कि उहाँले यी सबै थोकहरूलाई उहाँको प्रार्थनामा संलग्न गराउनुभएको छ। येशूले यसो भन्दै हुनुहुन्थ्योजस्तो देखिन्छ, "तिमीहरूले प्रार्थना र आराधनालाई जीविकाबाट अलग गर्न सक्दैनौ। " 'अहिले मैले सिध्याएँ... अब म मेरो काममा फर्कनेछु' भनी प्रार्थनाको बारेमा तिमीहरू भन्न सक्दैनौ।"

प्रार्थनाको बारेमा हामीले यो ठूलो पाठ येशूबाट सिक्नैपर्छ। प्रार्थना कहिल्यै सकिंदैन। यो "आमिन" सँगै अन्त्य हुँदैन। यो निरन्तर रहने क्रियाकलाप हो, हाम्रो जीवनको प्रत्येक भागमा यो बुनिएको हुन्छ। हामी यसरी नै विचार गर्छौं र हामीले गर्ने कुनै पनि कामबाट हामी यसलाई अलग गर्न सक्दैनौं।

यसैले यस पुस्तकमा हामीले कुराकानी गर्ने विषय आराधनाको समय, ठाउँ र शब्दहरू होइनन्। यसको सट्टामा त हामी प्रार्थनालाई आराधनाको निम्ति तयारी, र परमेश्वरलाई प्रसन्न पार्ने र उहाँका उद्देश्यहरूलाई पूरा गर्ने तरीकामा निरन्तरीय जीविकाको रूपमा गरिने आराधनाका रूपमा प्रस्तुत गर्दछौं।

**पाठ्यपुस्तकको विवरण**

यो पाठ्यपुस्तक मानिसहरूका आवश्यकताहरू र चाहनाहरूमाथि भएको परमेश्वरको महिमा र राज्यको प्राथमिकतामा जोड़ दिंदै प्रार्थना र आराधनाको विषयमा भएको अध्ययन हो। यस प्राथमिकतालाई सम्मान गर्ने विश्वासीको निम्ति आवश्यक पर्ने थोकहरू जुटाइनेछ भन्ने तथ्यलाई पनि यसले जोड़ दिन्छ।

यो अध्ययन मत्ती ६:५-१३ मा आधारित छ, तर केन्द्रिय सत्यता संलग्न भएको मुख्य पद मत्ती ६:३३ हो, "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।"

परमेश्वरको सन्तानको रूपमा भएको विश्वासीको *स्थान*सँग यो शुरू हुन्छ। ऊ परमेश्वरको सन्तान भएको कारण उसको प्रार्थनाको सुनुवाइ हुन्छ भन्ने निश्चयताकासाथ ऊ आफ्ना पिताको सिंहासनको नजीक गएको हुन्छ।

परमेश्वरको परिवारको सदस्यको हैसियतमा, उसका हृदयमा पारिवारिक चासोहरू हुन्छन्, र उसले गर्ने सबै काममा उसले आफ्ना पिताको नाम, राज्य र इच्छालाई *प्राथमिकता* दिएको हुन्छ। यो प्रवृत्ति उसको प्रार्थना गराइमा प्रतिबिम्बित भएको हुन्छ।

आफ्ना इच्छाभन्दामाथि पिताका इच्छालाई राखी, उसले माग्नुभन्दा पहिले नै उसलाई आवश्यक पर्ने "यी सबै थोक" का बारेमा पितालाई थाहा छ भन्ने भरोसाका साथ उसले आफ्ना व्यक्तिगत *बिन्तीहरूलाई* अवगत गराएको हुन्छ।

खास जोड़ प्रार्थनामा र आराधनामा हुनेछ किनकि यो ख्रीष्टियान सेवासँग सम्बन्धित छ। यो सामग्री तपाईंको आत्मिक वृद्धि र सुधारको निम्ति उपयुक्त हुनुको अतिरिक्त, बाइबल अध्ययनको निम्ति औजार जुटाउने किसिमले यसको रूपरेखा निर्माण भएको छ। त्यसकारण, यसले दोहोरो उद्देश्य पूरा गर्नैपर्छ। तपाईंको व्यक्तिगत भक्तिको निम्ति यो मार्गदर्शन हुन सक्छ, र परमेश्वरको वचनको सञ्चारमा तपाईंको प्रभावकारितालाई वृद्धि पनि गर्न सक्नेछ।

**पाठ्यपुस्तकका उद्देश्यहरू**

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंलेः

१. परमेश्वर प्रेमी, चिन्न सकिने, र तपाईंसँग सञ्चार गर्न र तपाईंद्वारा आराधना पाउन इच्छुक हुनुहुन्छ भन्ने कुरालाई तपाईं आफैले अनुभव गर्न सक्नुपर्नेछ।

२. सङ्गतिमा मानिसहरूलाई पुनर्स्थापित गर्ने परमेश्वरको योजनालाई बुझ्ने, र स्वर्गीक घरमा तिनीहरूलाई उहाँका सन्तान बनाउने मार्गको रूपमा प्रार्थना र आराधनालाई प्रयोग गर्न सक्नुपर्नेछ।

३. परमेश्वरको आराधना, परमेश्वरको राज्य, र परमेश्वरको योजनाले प्रार्थनामा किन प्राथमिकता पाउनुपर्छ सो व्याख्या गर्न सक्नुपर्नेछ।

४. आफ्नो जीविकालाई खोज्दा, तपाईंका वरिपरि भएकाहरूसँगको मिलापमा जिउँदा, जीवनमा विजय हासिल गर्दा, र तपाईंलाई जित्न खोज्ने दुष्टताबाट छुटकारा प्राप्त गर्दा परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न सक्नुपर्नेछ।

५. आफूलाई ख्रीष्टजस्तो र प्रभावकारी साक्षी बनाउने, प्रार्थना र आराधनाको जीवन खोज्नेहरूलाई सिकाउन सक्ने हुनका लागि प्रार्थना र आराधनाका बानीहरूलाई स्थापित गर्न सक्नुपर्नेछ।

६. परमेश्वर हुनुहुन्छ, तिनीहरूलाई प्रेम गर्नुहुन्छ, तिनीहरूलाई उद्धार गर्न चाहनुहुन्छ, सबै थोकलाई छोडेर उहाँलाई मात्र आराधना गर्नेहरूलाई इनाम दिनुहुन्छ भनी अरूहरूलाई उत्प्रेरणा दिन सक्नुपर्नेछ।

**पाठ्यपुस्तकहरू**

तपाईंले मोरिस विलियमसद्वारा लिखित *प्रार्थना र आराधनाः स्वयम्-अध्ययन पाठ्यपुस्तकलाई* यस पाठ्यक्रमको निम्ति पाठ्यपुस्तक र अध्ययन सहयोगी दुवैका रूपमा प्रयोग गर्नुहुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पुस्तकचाहिँ केवल बाइबल मात्र हो। यस पाठ्यपुस्तकमा उद्धरण गरिएका खण्डहरू "नेपाल बाइबल सोसाइटीद्वारा प्रकाशन गरिएको *संशोधित बाइबल १९९७*" बाट हो।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो यस विषय शुरू गर्नुभन्दा पहिल्यै तपाईंले प्राप्त गर्नुभएको यस विषयसम्बन्धी ज्ञान र तपाईंको खूबीमा भरपर्छ। यदि तपाईंले पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस्।

**पाठ संगठन र अध्ययन नमूना**

प्रत्येक पाठमा यी भागहरू संलग्न गरिएका छन्ः १. पाठको शीर्षक, २. शुरूको वाक्य, ३. पाठको रूपरेखा, ४. पाठका उद्देश्यहरू, ५. सिक्ने क्रियाकलाप, ६. मुख्य शब्दहरू ७. अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८. स्वयम्-जाँच, र ९. अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्। यस पाठ्यक्रमको पाठ विकासले विषयवस्तुलाई एक-एक गरी अध्ययन गर्न सजिलो पार्छ। तपाईंले जहिले समय पाउनुहुन्छ, यस पाठ्यक्रमलाई खण्ड-खण्ड गरी अध्ययन गर्न सक्नुहुन्छ र यसरी पूरै पाठ एकै चोटि सक्ने समय नपाउञ्जेलसम्म पर्खिरहनुपर्दैन। पाठका उद्देश्यहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन यस पाठ्यपुस्तकमा टिप्पणीहरू, अभ्यासहरू र उत्तरहरू संलग्न गरिएका छन्।

पाठ विकासमा भएका केही अध्ययन प्रश्नहरूका उत्तरहरूलाई यसै स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका खाली ठाउँमा नै लेख्न सकिन्छ, र अन्य प्रश्नहरूका उत्तरहरूचाहिँ अर्कै अभ्यास-पुस्तिकामा लेखिनुपर्छ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा शीर्षक र संख्यालाई लेख्नुहोस्। तपाईंले एकाइ मूल्याङ्कनहरू गर्नुहुँदा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

*तपाईंले आफ्नै उत्तर दिनुभन्दा पहिले पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई नहेर्नुहोस्।* यदि तपाईंले आफ्नै उत्तरहरू दिनुभयो भने,

तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग आफ्नो मनमा राख्न सक्नुहुन्छ। अध्ययन प्रश्नहरूका उत्तर दिनुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूलाई दाँज्नुहोस्। तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्नुहोस्। उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन् र यसरी तपाईंले अर्को उत्तरलाई हेर्न सक्नुहुन्न।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तपाईंको ज्ञान र ख्रीष्टियान सेवालाई विकास र उन्नति गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्। प्रस्तावित क्रियाकलापहरूले तपाईंलाई सिद्धान्तबाट व्यवहारमा जानको लागि सहायता पुऱ्याउनेछन्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

*ठीक उत्तर चुन्नुपर्ने* प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

१ बाइबलका कतिओटा पुस्तकहरू छन्?
  क. १०० पुस्तकहरू
  ख ६६ पुस्तकहरू
  ग २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा पुस्तकहरू* हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा ख.-को वरिपरि घेरा लगाउनुहोस्।

१ बाइबलमा कतिवटा पुस्तकहरू छन्?
  क. १०० पुस्तकहरू
  (ख) ६६ पुस्तकहरू
  ग २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने *ठीक* उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

*ठीक-बेठीक* प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन *ठीक* हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

२ तल दिइएका कुन-कुन बयानहरू *ठीक* छन्?

क. बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

(ख) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

ग. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

(घ.) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख**. र **घ**. *ठीक* छन्। माथि देखनुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

*जोड़ा मिलाउने* प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

३ प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| १ | क. सीनै पर्वतमा व्यवस्था पाएको | १. मोशा |
| २ | ख. इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २. यहोशू |
| २ | ग. यरीहो शहरको वरिपरि घुमेको | |
| १ | घ. फारो राजाको दरबारमा बसेको | |

**क**. र **घ**.-मा दिइएको बयान मोशाको जीवनसँग र **ख**. र **ग**.-मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाएजस्तै तपाईंले **१**. संख्या **क**. र **घ**.-को पछाड़ि र **२**. संख्या **ख**. र **ग**.-को पछाड़ि लेख्न सक्नुहुन्छ।

### यस पाठ्यक्रमलाई अध्ययन गर्ने तरीकाहरू

यदि तपाईं आफैले नै यस आई सी आई पाठ्यक्रमलाई अध्ययन गर्नुभयो भने, हुलाकद्वारा नै तपाईंले यसलाई पूरा गर्न सक्नुहुन्छ। तपाईं आफैले नै अध्ययन गर्न सक्नुहोस् भन्ने हेतुले आई सी आई-ले यस पाठ्यक्रम तयार गरेको भए तापनि, तपाईंले समूह वा कक्षामा पनि यसलाई अध्ययन गर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूह वा कक्षामा अध्ययन गर्नुभयो भने, यस पाठमा भएकाभन्दा अझ धेरै निर्देशनहरू तपाईंका शिक्षकले दिनुहुन्छ होला। यदि यसो हो भने उहाँका निर्देशनहरूलाई पालन गर्नुहोस्।

हुन सक्छ तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययनमा, मण्डली (एकलेसिया)-को कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्न चाहनुहुन्छ होला। यी उद्देश्यहरूका निम्ति विषयवस्तु र अध्ययन प्रणाली अति नै उपयुक्त छन् भन्ने कुरा तपाईंले देख्नुहुनेछ।

### तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाण-पत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ। आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्।

### प्रमाण-पत्र

तपाईंका आई सी आई निर्देशकद्वारा यस पाठको समाप्ति र अन्तिम विद्यार्थी प्रतिवेदन छनोटपछि तपाईंलाई सुन्दर प्रमाण-पत्र पठाइनेछ।

### यस पुस्तकका लेखिका

मोरिस विलियमस एसेम्ब्ली अफ गड् परिषद्का अफ्रिकामा नियुक्त क्षेत्रीय निर्देशक हुन्। उहाँले मध्ये र दक्षिण अफ्रिकामा २५ वर्षसम्म मिशनरीको काम गर्नुभएको थियो। उहाँले सुसमाचार प्रचार,

मण्डली स्थापना, बाइबल स्कूल प्रशासन र परामर्शजस्ता सेवाहरू गर्नुभएको छ।

उहाँ सातजना सन्तान भएको परिवारमा जन्मनुभएको थियो र उहाँहरू सातै जना अहिले प्रभुको सेवामा हुनुहुन्छ। यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा *प्रार्थना र आराधनाका* सम्बन्धमा उहाँले लिनुभएको अडान उहाँका भक्त आमाबाबुको प्रभावको प्रत्यक्ष प्रभाव हो। उहाँहरूले प्रार्थनामा उदाहरण मात्र दिनुभएन तर "निरन्तर प्रार्थना गरिरहनु" को अर्थ के हो सो कुरा आफ्नो जीवन ढाँचाबाट उहाँहरूले आफ्नो परिवारमा प्रदर्शन गर्नुभयो।

उहाँले नर्थ सेन्ट्रल बाइबल कलेजमा अध्ययन गर्नुभयो। त्यसपछि उहाँले आफ्नो सेवा इवोवा प्रान्तमा शुरू गर्नुभयो। त्यहाँ धेरै वर्ष पास्टरको सेवा गर्नुभएपछि उहाँलाई त्यस क्षेत्रको जवान र बाल सङ्गतिको निर्देशक बनाइयो। त्यसको केही समयपछि ई.सं. १९४६ मा मिशनरीका रूपमा उहाँ अफ्रिकी क्षेत्रको क्षेत्र-निर्देशकका रूपमा काम गर्नुभयो।

## तपाईंका आई सी आई निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोवस्त मिलाउनको लागि उहाँसँग बिन्ती गर्नुहोस्।

*प्रार्थना र आराधना* भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउने छ।